नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

रोजगार कार्यक्रम व्यवस्थापन शाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०८२/८३

चलानी नं.:- १२६

मितिः २०८३/०१/०९

ने.सं. ११४६, वछलाथ्व, पञ्चमी, बुधबार

श्री स्थानीय तह ,सबै

विषयः **कार्यक्रममा लागत साझेदारी सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको LMBIS Code २.७.२५.११७१ रोजगार आयोजना सञ्चालनको लागि ज्याला रकम र २.७.२५.११७२ आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धनका क्रियाकलाप सञ्चालन सम्बन्धमा स्थानीय तहवाट लागत साझेदारी गरी कार्यान्वयन गर्नेको लागि असमर्थ भएको अवस्थामा कार्य्रक्रमको कार्यान्वयनको लागि मन्त्रालयको मिति २०८३ बैखाख ९ गतेको नेपाल सरकार (सचिवस्तर) निर्णयानुसार देहायबमोजिम निर्णय भएकोले सोही बमोजिम कार्यान्वयन गर्नुहुन अनुरोध छ।

<u>देहायः</u>

१. स्थानीय तहको श्रोतवाट सञ्चालित आयोजना/कार्यक्रमबाट समेत बस्तु,सेवा तथा सामग्री र दक्ष/अर्धदक्ष जनशक्ति लगायतको माध्यमबाट आयोजनामा रकम दोहोरो नपर्ने सुनिश्चित गरी राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका,२०८२ को दफा २६ बमोजिम कार्यान्वयन गर्ने।

२. स्थानीय तहबाट सञ्चालन हुने आयोजनाहरुमा सूचिकृत बेरोजगार श्रमिकहरुको प्रयोग हुने गरी संघीय निकाय,प्रदेश, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित बजेट तथा कार्यक्रममा आवद्धता गराई स्थानीय तहको आवश्यकता र अनुकूलताको आधारमा कार्यक्रमको संयुक्त सञ्चालन तथा व्यवस्थापन गरी कार्यान्वयन गर्ने।

२०८३/०१/०९

(नवराज सुवेदी)

शाखा अधिकृत